## लोककल्याणकारी विज्ञापनको सूचना पुनःप्रकाशन गरिएको

लोककल्याणकारी विज्ञापनमा सहभागी हुनको लागि सञ्चार माध्यमलाई सूचीकृत गर्न दरखास्त आव्हान गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**पुनःप्रकाशित मितिः २०८०/०६/०८**

सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रमको लागि मिति २०८०।०५।१७ गते दरखास्त आव्हानको सूचना प्रकाशन गरिएकोमा धेरै संचार माध्यमहरु नविकरण र करचुक्ताको कार्य प्रकृयामा नै रही न्यून संख्यामा दरखास्त परेको हुँदा सूचिकृत गर्ने प्रयोजनार्थ गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ को अनुसूची-२ को ढाँचामा थप २१ दिन भित्र दरखास्त दिन यो सूचना पुनःप्रकाशन गरिएको छ।लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि,२०७९कार्यालयको वेवसाइट **https://ocmcm.gandaki.gov.np/** मार्फत प्राप्त गर्न सकिने छ ।

१ आर्थिक वर्ष २०७९/०८० मा यस कार्यालयमा सूचीकृत भैसकेका सञ्चार माध्यमले नविकरण र आर्थिक वर्ष २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी दरखास्त दिनुपर्ने,

२ यस आर्थिक वर्षमा यस कार्यालयमा सूचीकृत हुने सञ्चार माध्यमले देहायका कागजात सहित दरखास्त दिनुपर्नेः-

क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र र अनुमति पत्र नविकरण भएको प्रमाण,

ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,

ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवम् लेखा परीक्षण प्रतिवेदन,

छ) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबलबाट प्रसारण भएको प्रमाणपत्र,

झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा ३२० दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ३२० दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ४५ अंक प्रकाशन भएको स्वघोषणा पत्र

३ दरखास्त यस कार्यालयको इमेल lkb.molcpa.gandaki@gmail.com मार्फत वा सोझै कार्यालयको प्रदेश किताबखाना तथा सञ्चार समन्वय शाखामा पेश गर्न सकिने ।

४ यस कार्यालयमा नियमानुसार सूचीकृत भएका सञ्चार माध्यमहरुलाई गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ बमोजिम लोककल्याणकारी विज्ञापनहरु उपलब्ध गराइने छ ।

-१८/६/२०८०

बद्रिनाथ अधिकारी
सचिव
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(आन्तरिक मामिला तथा सञ्चार महाशाखा)

# लोककल्याणकारी विज्ञापनका लागि आवेदन दिने दरखास्तको ढाँचा

मितिः

श्रीमान सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
आन्तरिक मामिला तथा सञ्चार महाशाखा,
गण्डकी प्रदेश, पोखरा ।

विषयः सूचीकृत गरी विज्ञापन प्रकाशन/प्रसारणमा सहभागी गराई पाउँ ।

उपरोक्त विषयमा मिति २०८०/०६/०८ मा तहाँ कार्यालयबाट आह्वान भएको पुनःप्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रममा सहभागी गराई पाउन यस कार्यविधिको दफा ४ को उपदफा (२) मा उल्लिखित कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. निवेदन दिने सञ्चार माध्यमको विवरण :

नामः
ठेगाना :
फोन नं :
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः
(क) पत्रपत्रिका
(ख) रेडियो/एफ. एम रेडियो
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम
मोवाइल नः
इमेल ठेगानाः
संस्थाको छाप
सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र
दस्तखतः

संलग्न कागजातहरु

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र र अनुमति पत्र नविकरण भएको प्रमाण,
(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,
(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि एवम् लेखा परीक्षण प्रतिवेदन,
(छ) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,
(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केबलबाट प्रसारण भएको प्रमाणपत्र,
(झ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको,
प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा ३२० दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ३२० दिन प्रकाशन भएको र सासाहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा ४५ अंक प्रकाशन भएको स्वघोषणा पत्र ।

बद्रिनाथ अधिकारी
सचिव